# हरिनगर गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड:** ८ | **संख्या:** ३ | **मिति:** २०८२/०४/०१

**भाग–१**


# हरिनगर गाउँपालिका

## स्थानीय स्वास्थ्य सेवा (पहिलो संशोधन) ऐन, २०८२

**गाउँसभाबाट स्वीकृत मिति:** २०८२/०३/३१ गते

**प्रमाणीकरण मिति:** २०८२/०३/३१ गते

**प्रस्तावना :** हरिनगर गाउँपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०८० लाई समयानुकुल संशोधन गर्न वाञ्छनीय भएकोले,

**(१) संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम "स्थानीय स्वास्थ्य सेवा (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन गाउँसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि जारी भएको मानिनेछ ।

(३) ऐनको दफा १८ को उपदफा ४ को सट्टा देहायको उपदफा ४ राखिएको छ ।

"(४) तत्काल स्थायी कर्मचारी भर्ना हुन सक्ने अवस्था नभएमा गाउँपालिकाले जारी गरेको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५/हरिनगर आधारभूत अस्पताल व्यवस्थापन तथा संचालन कार्यविधि, २०८१ बमोजिम स्थायी नियुक्ति भएर नआउन्जेल सम्मका लागि करारमा कर्मचारी नियुक्ति गर्न सकिनेछ ।"

आज्ञाले,
**नाम:** रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत